आज मिति २०७५/०६/१६ गते बुद्धभूमी नगरपालिका नगर कार्यपालिकाको बैठक बुद्धभूमी नगरपालिकाका नगरप्रमुख श्री केशव कुमार श्रेष्ठ ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका पदाधिकारीसदस्य ज्यूहरु र कर्मचारीहरुको उपस्थितिमा देहायका प्रस्ताव माथि छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

## उपस्थिति

| क्र.स. | नाम, थर | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री केशव कुमार श्रेष्ठ | प्रमुख | बुद्धभूमी न.पा. १ | |
| २ | श्री मिरा थारु | उपप्रमुख | बुद्धभूमी न.पा. २ | |
| ३ | श्री मेघनाथ पाध्या | प्रमुख प्र. अधिकृत | बुद्धभूमी न.पा. | |
| ४ | श्री तेजबहादुर बस्नेत | वडा अध्यक्ष | बुद्धभूमी न.पा. १ | |
| ५ | श्री भेषराज शर्मा | वडा अध्यक्ष | बुद्धभूमी न.पा. २ | |
| ६ | श्री गोविन्द प्रसाद आचार्य | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ३ | |
| ७ | श्री पवन कुमार थारु | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ४ | |
| ८ | श्री वेचन प्रसाद यादव | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ५ | |
| ९ | श्री नन्दलाल यादव | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ६ | |
| १० | श्री राजेश्वर सिंह | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ७ | |
| ११ | श्री कपिलदेव तिवारी | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ८ | |
| १२ | श्री खुमानन्द न्यौपाने | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ९ | |
| १३ | श्री त्रिलोकी खरविन्द | वडा अध्यक्ष | बुद्धभूमी न.पा. १० | |
| १४ | श्री कमला चौधरी | महिला सदस्य | बुद्धभूमी न.पा. १ | |
| १५ | श्री खिमकला पाण्डे | महिला सदस्य | बुद्धभूमी न.पा. ४ | |
| १६ | श्री प्रभावती लोहार | महिला सदस्य | बुद्धभूमी न.पा. ७ | |
| १७ | श्री विमला देवी कुर्मी | महिला सदस्य | बुद्धभूमी न.पा. ८ | |
| १८ | श्री सरस्वती कुवंर | महिला सदस्य | बुद्धभूमी न.पा. ५ | |
| १९ | श्री फागु प्रसाद धोवी | दलित वा अल्प. स. | बुद्धभूमी न.पा. ५ | |
| २० | श्री राम मनोरथ लोहार | दलित वा अल्प. स. | बुद्धभूमी न.पा. ६ | |
| २१ | श्री रामदेव पासी | दलित वा अल्प. स. | बुद्धभूमी न.पा. २ | |

Scanned by CamScanner

## बुद्धभूमी नगर कार्यपालिकाको मिति:२०७५।०६।१६ गतेको निर्णय

१. नगर साक्षर घोषणा सम्बन्धमा:

नेपालले सन् २०१७ सम्म पूर्ण साक्षर राष्ट्र घोषणा गर्ने लक्ष्य अनुसार ५ देखि ५९ वर्ष उमेर समूहका निरक्षरलाई दुई वर्षभित्रै पढ्न र लेख्न सक्ने बनाउने उद्देश्यले बि २०६५ .सं.देखि राष्ट्रिय साक्षरता अभियान सुरु भएको र तोकिंएको र सो अवधी भित्र धेरै जिल्लाहरु पूर्ण साक्षर घोषणा भैसकेको सन्दर्भमा कपिलवस्तु जिल्लालाई पूर्णसाक्षर घोषणा गर्न प्रदेश नं. ५ ले समेत तिब्रता दिएसंगै मिति:२०७५ भदौ १९ गते यस यस नगरपालिकाका प्रमुखाबाट छिट्टै पूर्णसाक्षर न.पा.घोषणा गर्ने प्रतिबद्‌ता समेत भएको र घोषणा गर्न अन्तिम तयारी भएकोले तपसिलको मिति, स्थान र समयमा प्रदेशनं. ५ का सामाजिक बिकास मन्त्री सुदर्शन बराल ज्यूको प्रमुख आतिथ्यता र प्रदेश सभा सदस्य दिर्घनारायण पाण्डे, माला गोतामे ज्यूको विशिष्ट आतिथ्यता र जिल्लाका प्रमुख व्यक्तित्तव, जिल्लाका सबै स्थानीय तहका प्रमुख, उपप्रमुख, यस बुद्धभूमी नगरपालिकाका राजनितिक दलका प्रमुख, नागरिक समाज, समाजसेवी बुद्धिजिबी, संघसंस्थाका प्रमुख लगाएतको आतिथ्यतामा नगर पूर्णसाक्षर घोषणा गर्न निर्णय गरियो।

- कार्यक्रमको स्थान: भृकुटी मा.वि. बुड्‌ढी
- मिति:२०७५।६।२०
- समय:विहान ११:३०

उक्त कार्यक्रम भब्य र सभ्य रुपमा संचालन र व्यवस्थापन गर्नको लागि नगर कार्यपालिकाको मिति:२०७५।५।३१ को निर्णयबाट गठित नगर साक्षर घोषणा संचालन र व्यवस्थापन समितिलाई पूर्णरुपमा तयारी गर्नको लागि जिम्मेवारी दिने निर्णय गरियो।

२. एम्बुलेन्स आपूर्तीको लागि भन्सार छुट सम्बन्धमा:

बुद्धभूमी नगरपालिकाको क्षेत्रभित्र कुनै अस्पताल नरहेको र कुनै संस्थाबाट एम्बुलेन्स समेत संचालन नभएकोले यस नगर क्षेत्रका नगरबासिहरुलाई आकस्मिक स्वास्थ्य उपचारको लागि अस्पतालहरुमा लैजानको लागि अत्यन्तै समस्याहरू पर्दै आईरहेकोले यस नगरपालिकाको आ.व.०७५।७६ को स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत एम्बुलेन्स खरिद को लागि केही बजेट बिनियोजन भएको र सो एम्बुलेनसको आपुर्तीमा भन्सार छुट गर्नको लागि सम्बन्धित निकायमा पहल गरी खरिद कार्यको लागि प्रक्रिया अघि बढाउने निर्णय गरियो।

३. सामाजिक सुरक्षा भत्ता सम्बन्धमा:

सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रममा प्रभागकारिता ल्याउन, र नियमन गर्नको लागि सुशासन नियमावली-२०६५ को नियम ९ अनुसार सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधी, २०७५ नेपाल सरकार (मा.मन्त्री परिषद्‌को) मिति:२०७५।०४।२२ गते बैठकबाट स्वीकृत गरिसकेको र यस बुद्धभूमी नगरपालिकाले यस आर्थिक बर्ष २०७५।७६ को दोश्रो चौमासिकबाट अनिवार्य रुपमा बैंकिङ प्रणालीबाट सामाजिक सुरक्षा भत्ता बितरण गर्ने र वडा नं. ७,८,९ ले NIC Asia र अन्य वडाहरुको हकमा NMB Bank मा सामाजिक सुरक्षा विशेष खाता खोल्नको लागि प्रत्येक वडाले व्यवस्था मिलाउने दोश्रो चौमासिक देखि बैंक खाता बाहेक अन्य कुनै माध्यमबाट भत्ता वितरण नहुने निर्णय गरियो ।

६।१६

प्रमुख प्रशासकीय अधिकृत

२०७५।०६।१६

Scanned by CamScanner

४. उजुरी फछ्यौंट र व्यवस्थापनको लागि उजुरी प्रशासक/अभिलेख प्रशासक तोक्ने सम्बन्धमा:
बुद्धभूमी नगरपालिकाको न्यायिक समितिले उजुरीको कारबाही किनारा गर्दा अपनाउनुपर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७४ को दफामा न्यायिक समितिको सचिवालयको व्यवस्था भएको र उपदफा(२)मा आवश्यकता अनुसार उजुरी प्रशासक, अभिलेख प्रशासक को व्यवस्था गर्न सक्ने भएकोले अर्को व्यवस्था नभएसम्मको लागि यसै कार्यालयका ना.सु.श्री हुमकान्त खनाललाई उजुरी प्रशासक/ अभिलेख प्रशासकको रुपमा रही न्ययीक समिति सचिवालयको समेत जिम्मेबारी दिने निर्णय गरियो।

५. यस बुद्धभूमी नगरपालिका अर्न्तगत सर्वसुलभ स्वास्थ्य सेवाको लागि अस्पतालको अभाव भएको हुंदा नेपाल सरकारको स्वास्थ्य नीति अर्न्तगत प्रत्येक स्थानीय तहमा १५ देखि २५ शैयाको अस्पताल निर्माण गरी दक्ष जनशक्ति व्यवस्थापन गर्ने भन्ने रहेकोले सोही बमोजिम यस नगरपालिकाको नगर सभाबाट समेत पारित गरी साविक बकडरिया ९(क) हाल बुद्धभूमी नगरपालिका २ वडहरामा रहेको कि.नं. १५६५ को खाली प्रति जग्गा नापजाँच गरी सो मध्ये क्षेत्रफल १-०-० एक बिगाह मात्र अस्पताल निर्माणका लागि जग्गा छुट्टाई दिनको लागि सम्बन्धित नापी कार्यालय र मालपोत कार्यालय कपिलवस्तुमा अनुरोध गर्ने निर्णय गरियो। साथै गौतम बुद्ध बहुमुखी क्याम्पस गोरूसिगें कपिलवस्तुको मिति २०७५।०६।०८ च.नं. ४० को प्राप्त पत्रबाट सोही कि.नं. को जग्गा बाट क्याम्पसलाई आवश्यक पर्ने एक बिगाह जग्गा छुट्टाइदिनहुन भनी अनुरोध भै आएके हुँदा अस्पताल साथै क्याम्पसको लागि सोही कि.नं. १५६५ को जग्गाबाट नापी कार्यालय र मालपोत कार्यालयमा विवरण माग गर्ने निर्णय गरियो।

६. यस बुद्धभूमी नगरपालिका (स्थानीय तह) हुनु पूर्व नै साविक गा.वि.स.हरू रहदाका बखत नै हालको वडाहरू खुल्ला दिशामुक्त घोषणा भै सकेको अभिलेख बाट देखिएको हुंदा बुद्धभूमी नगरपालिका पूर्ण रूपमा खुल्ला दिशामुक्त नगर घोषणा भइ सकेकोले उक्त कार्यको निरन्तरताको लागि सम्पूर्ण वडावासीहरू सचेत भै सरसफाई अभियानलाई पूर्णता दिई राख्नको लागि अझै पनि कँही, कतै टोलबस्तीहरूमा शौचालय बनाउन वा प्रयोग गर्न अटेर गर्ने र असहयोग गरी स्वच्छ वातावरणमा बाँच्न पाउने मैलिक हकको सुनिश्चितालाई समेत खलल पुऱ्याउने समूह वा व्यक्तिलाई नगरपालिकाबाट प्रदान गरिने सेवा सुविधाबाट वञ्चित गराइने व्यहोरा जानकारी गराउने साथै यस नगरपालिका जनप्रतिनिधि/ कर्मचारी / शिक्षक/शिक्षिका/ संघसंस्थामा कार्यरत कर्मचारी / उपभोक्ता समिति, पदाधिकारी सदस्यहरूको घरमा समेत शौचालय नभएको पाइएमा सेवा सुविधा रोक्का गरी सामाजिक बहिष्कार समेत गर्ने र शौचालय निर्माण भएको र प्रयोग गरी सरसफाईमा सहयोग पुऱ्याएको भनी कुनै पनि सिफारिसमा अनिवार्यता उल्लेख गर्नुपर्ने समेत निर्णय गरियो।

७. यस बुद्धभूमी नगरपालिकाको तेस्रो नगरसभाबाट अ.व. २०७५/७६ को लागि स्वीकृत चालु खर्च मध्ये शिर्षक नं. २७११२ सामाजिक सुरक्षा (आर्थिक सहायता) तर्फको बजेट मध्येबाट रू. ३०००।- तीन हजार सम्म नगर प्रमुखको तोक आदेशमा भुक्तानी दिने कार्यलाई निरन्तरता दिदै सो भन्दा माथि आर्थिक सहयोग गर्नु पर्ने अवस्थामा कार्यपालिका बैठक बाहेक अन्य समयका लागि आर्थिक सहयोग कार्यविधि बनाई लागू गर्नको लागि कार्यविधि ७ दिन भित्र तयार गरी पेश गर्नको लागि शाखा अधिकृत केशबराज भट्टराईलाई जिम्मा दिने निर्णय गरियो।

२०७५।०९।१५
केशव कुमार श्रेष्ठ
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner

८. विविधः

- गौतमबुद्ध बहुमुखी क्याम्पस गोरुसिंगे, कपिलवस्तु को मितिः२०७५।०६।०६ च.नं.३८ को पत्रबाट जग्गाको भोगाधिकार सम्बन्धमा साबिक बकडरिया १(ख) जयनगर (१) हाल बुद्धभूमी न.पा. २ ढकेरीमा रहेको क्रमशः कि.नं. ६,१३,८ को क्षेत्रफलः २-२-२, ०-१९-२१ र ०-६-९ को सम्बन्धमा नापी कार्यालय, मालपोत कार्यालय, जिल्ला बन कार्यालय कपिलवस्तु समेत संग जानकारी माग गर्ने निर्णय गरियो ।
- ईलाका प्रहरी कार्यालय गोरूसिगें कपिलवस्तुको अधुरो भान्साघर निर्माणको लागि आर्थिक सहयोग माग भै आएको हुँदा उक्त इलाका प्रहरी कार्यालयको लागि भान्सा घर निर्माणको लागि मर्मत सम्भार कोषबाट रू. १,००,०००।- (एक लाख मात्र) सहयोग उपलब्ध गराउने निर्णय गरियो ।
- वडा नं. २ शिवशक्ति टोल सडक बर्षातयाममा हिलोका कारण आवतजावत गर्न असुविधा भएको भनी निवेदन प्राप्त भएकोले उक्त सडक मर्मतको लागि ग्राभेल मिस्कटको लागि रू. २५,०००।- (पच्चिस हजार ) सम्मको मर्मत सम्भार कोषबाट भुक्तानी दिने निर्णय गरियो ।
- नेपाल बार एशोसियसन जिल्ला बार एकाई तौलिहवाको च.न. ११, मितिः२०७५।०६।०४ को आर्थिक सहयोगको अनुरोध पत्र प्राप्त भएकोले आगामि नगरसभामा पेश गर्ने निर्णय गरियो ।
- वडा नं. ९ सुर्योदय युवा क्लवद्वारा सांस्कृतिक कार्यक्रम संचालनको लागि आर्थिक सहयोगको माग भई आएकोले सो शिर्षक अनुसार बजेटको श्रोत भएमा नगर प्रमुखबाट सहयोग उपलब्ध गराउन निर्णय गरियो ।
- वडा नं. ९ ईमिलिया युवा संजालबाट जिल्ला स्तरीय खेलकुद कार्यक्रम संचालनको लागि आर्थिक सहयोग माग भई आएकोले वडा स्तरीय खेलकूद कार्यक्रमको बजेट बाट व्यवस्थापन गरी दिनेको लागि वडा कार्यालयमा जानकारी दिने निर्णय गरियो ।
- वडा नं.८ चरिगावा बस्ने विपना केवटनीको दुवै आँखाले हेर्न नसक्ने र आर्थिक अवस्था कमजोर भएको र सहयोगको लागि वडा कार्यालयबाट सिफारिस भई आएकोले रु.५०००।- आर्थिक सहायता शिर्शकबाट उपलब्ध गराउने निर्णय गरियो ।
- वडा नं. १० को मितिः२०७५।६।१५ गतेको पत्रानुसार नौखुनिया ताल र दुलरी तालको ठेक्कापट्टा रोक्न गाउँस्तरबाट माग भई आएकोले ठेक्का प्रक्रिया स्थगित गर्ने निर्णय गरियो ।
- वडा नं. ३ श्रृजनसिल युवा क्लबद्वारा जिल्ला स्तरीय खुल्ला नकआउट फुटवल प्रतियोगिता संचालन गर्न आर्थिक सहयोग माग भई आएकोले रु.१००००।- (दश हजार) नगर स्तरीय खेलकुँद प्रतियोगिता शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।
- वडा नं.१ का जितबहादुर आलेले श्रीमती र छोरी बिरामी परेको र आर्थिक अवस्था नाजुक भएकोले आर्थिक सहयोग माग भई आएकोले रु. ५०००।- (पाँच हजार) आर्थिक सहायता शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

Scanned by CamScanner

- नेपालीहरूको महान पर्व वडादशैं, दिपावली, छठपर्वहरू आइरहेको हुँदा चाडपर्वहरूलाई लक्षित गरी खरिद विक्री हुने सामाग्रीहरूको जाँचबुझका लागि बजार अनुगमन समितिलाई क्रियाशिल भै अनुगमन कार्य गर्नको लागि निर्यण गरियो ।
- नेपालीहरूको महान पर्व वडा दशैं, दिपावली, छठपर्वको पावन अवसरमा नगरवासी, देशबासी, आमाबुवा, दिदीबहिनी, दाजुभाई, सम्पूर्णमा सुस्वास्थ्य, समृद्धिको मंगलमय हार्दिक शुभकामना व्यक्त गदर्छौं भनी निर्णय गरियो ।

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

प्रमुख प्रशासकिय अधिकृत

Scanned by CamScanner